नेपाल सरकार
शिक्षा मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
ज्ञानेश्वर, काठमाण्डौं

पत्र संख्या:-०७३/०७४
चलानी नं.:- 680

**मितिः** २०७३/११/२३

श्री जिल्ला शिक्षा कार्यलय
१६ वटै

**विषयः** लागत अनुमान पुनरावलोकन गरी निर्माण कार्य गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस इकाईबाट आ.व. २०७३/७४ मा वि. व्य. स. सँग सम्झौता गरी निर्माण गरिने ब.उ.शि.न. २९२२१ अन्तरगतको विद्यालय भवन पुनः निर्माण (२ कोठे/३ कोठे/४ कोठे/६ कोठे/८ कोठे) का लागी विद्यालय छनौट गरी लागत अनुमान तयार गर्न लेखिएको पत्र प्राप्त भएकै हुनुपर्दछ । लागत अनुमान तयार गर्दा कार्यक्रमको औषत प्रति एकाइ लागत (२ कोठेको २१ लाख, ३ कोठेको ३१ लाख पचास हजार, ४ कोठेको ६३ लाख, ६ को ८९ लाख २५ हजार र ८ कोठेको १ करोड १० लाख २५ हजार) कन्टेन्जेन्सि समेत भन्दा कतिपय जिल्लाबाट बढी लागत अनुमान प्राप्त भएको विद्यमान अवस्थामा समग्रमा माथि उल्लेखित औषत प्रति एकाइ लागत अर्थात उपलब्ध कोटा र बजेटको परिधी भित्र रहने गरी तपशिल बमोजिम लागत अनुमान पुनरावलोकन गरी विद्यालय पुनः निर्माण कार्यविधी २०७३ को अनुसुची-४ अनुसार विद्यालयसँग सम्झौता गरी सोही कार्यविधीको परिधीभित्र रहि निर्माण कार्य गर्नु गराउनु हुन अनुरोध छ ।

**<u>तपशिल</u>**

१. जिल्लास्थित सदरमुकामको लागी स्विकृत निर्माण सामाग्रीको दररेटमा सम्बन्धित विद्यालयसम्म ढुवानीको लीड जोड्दा कतिपय अवस्थामा नजिकैको स्थानिय बजारभाउ भन्दा निर्माण सामाग्रीको मूल्य धेरै पर्न आउने भएकाले स्थानिय बजारमूल्यलाई आधार मानी लागत अनुमान पुनरावलोकन गर्ने ।

२. निर्माण सामाग्री विशेष गरी ढुङ्गा अथवा ईटा छनोट गर्दा सर्वसुलभ हुने हिसावले छनोट गर्ने, ढुङ्गा सस्तो पर्ने भएमा DPC Level/Sill Level भन्दा मुनी ढुङ्गाको गारो सिमेन्ट जोडाइमा प्रयोग गरी सो भन्दा माथि मात्र ईटा प्रयोग गर्न सकिने ।

इन्द्र नारायण श्रेष्ठ
आयोजना निर्देशक

नेपाल सरकार
शिक्षा मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
ज्ञानेश्वर, काठमाण्डौं

पत्र संख्या:-०७३/०७४
चलानी नं.:-

३. सोलिङ्गमा ईटाको सट्टा बोल्डर सोलिङ्ग गर्न सकिने ।

४. झ्याल ढोकाको चौकोस तथा खापा स्थानिय काठको सस्तो पर्ने भएमा सो प्रयोग गर्न सकिने । काठको चौकोस साइज कम्तिमा ३"x४" को हुनुपर्ने तथा खापाको साइज कम्तिमा १.२५" x ३" हुनुपर्ने । खापा रेडिमेड वाटर प्रुफ सोलिड कोर अथवा कम्तिमा १२ मी मी बाक्लो वाटर प्रुफ प्लाइउड लागाउन सकिने ।

५. झ्यालमा काठको चौकोस प्रयोग गर्ने भएमा फलामे ग्रीलको सट्टा १२ मी मी व्यासको Burglar bar सिधै चौकोसमा जडान गर्न सकिने ।

६. बाहिरी गारोमा डि.पि.सी भन्दा माथी सिमेन्ट प्लास्टर नगरी सिमेन्ट टिप्कार गर्ने र भित्री गारोमा मात्र सिमेन्ट प्लास्टर गर्ने ।

७. फल्स सिलिङ्ग राख्दा कक्षाकोठा भित्र मात्र राख्ने, फल्स सिलिङ्ग नराख्ने भएमा १ मी मी मोटाइको ल्यामिनेटेड स्टिल पाता प्रयोग गर्न सकिने ।

८. ईटाको गारोको सट्टा ढुङ्गाको गारो भएको २ कोठे डिजाइन प्रयोग गर्न सकिने ।

९. ४ कोठे र ८ कोठे भवनको माथिल्लो तल्लामा RCC छानाको सट्टा Steel Truss र CGI Sheet भएको Design Drawing प्रयोग गर्न सकिने ।

१०. Rebar को हिसाव गर्दा RCC को कङक्रिटको परिमाणको १२० के. जि. प्रति घनमिटर देखि १४० के. जि. प्रति घनमिटर राख्ने ।

११. जगमा पानी पस्न नदिन हल्का किसिमको Apron बनाउने, Apron मा सोलिडमाथि २"-३" Pcc (१:२:४) ढलान गर्ने ।

१२. सिमेन्ट जोडाइमा ईटा /ढुङ्गाको गारोको सट्टा Sill Level भन्दा माथि विकल्पको रुपमा Pre-fab Solid Panel (Gorkha Eco Panel को ९०/७५ मी मी बाक्लो EPS and Cement-based Light Weight Sand wich Panel with 4.5 mm th. Calcium Silicale board as faceboard अथवा ७५ मी मी बाक्लो Everest Cement Board को सोलिड प्यानल) अथवा त्यस्तै प्रकृतिका अन्य सामाग्रीको हकमा केन्द्रिय आयोजना कार्यन्वयन इकाईबाट स्विकृत गराइ प्रयोग गर्न सकिने ।

इमनारायण श्रेष्ठ
आयोजना निर्देशक